आठविसकोट नगरपालिकाको २८ औं बैठक मिति २०७५/०९/३० गते का दिन आठविसकोट नगरपालिकाको नगर सभा हलमा नगर प्रमुख श्री गोर्खबहादुर के.सी. को अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरियो ।

| क्र.स. | पदाधिकारीहरुको विवरण | | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | नाम, थर | ठेगाना | | २०७५/०९/३० | |
| १ | गोर्ख बहादुर के.सी. | आठविसकोट-१० | नगर प्रमुख | | |
| २ | गीता नेपाली | आठविसकोट-११ | नगर उपप्रमुख | | |
| ३ | रामबहादुर के.सी. | चौरजहारी नपा-१२ | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | देवबहादुर घर्ती | आठविसकोट-१ | वडा अध्यक्ष | | |
| ५ | देवबहादुर थरी | आठविसकोट-२ | वडा अध्यक्ष | | |
| ६ | केशरमान वि.क. | आठविसकोट-३ | वडा अध्यक्ष | | |
| ७ | बाबुराम विष्ट | आठविसकोट-४ | वडा अध्यक्ष | | |
| ८ | प्रजिते कामी | आठविसकोट-५ | वडा अध्यक्ष | | |
| ९ | डिल बहादुर सार्की | आठविसकोट-६ | वडा अध्यक्ष | | |
| १० | नवराज बुढा | आठविसकोट-७ | वडा अध्यक्ष | | |
| ११ | मनबहादुर चदारा | आठविसकोट-८ | वडा अध्यक्ष | | |
| १२ | तारक बहादुर शाही | आठविसकोट-९ | वडा अध्यक्ष | | |
| १३ | गंगाराम चनारा | आठविसकोट-१० | वडा अध्यक्ष | | |
| १४ | हस्ते आग्री | आठविसकोट-११ | वडा अध्यक्ष | | |
| १५ | खुम्मे कुसारी | आठविसकोट-१२ | वडा अध्यक्ष | | |
| १६ | विनोद पुन | आठविसकोट-१३ | वडा अध्यक्ष | | |
| १७ | हुकुम बहादुर पुन | आठविसकोट-१४ | वडा अध्यक्ष | | |
| १८ | कल्पना खड्का | आठविसकोट-१४ | कार्यपालिका सदस्य | | |
| १९ | सिता शाह | आठविसकोट-१० | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क. | आठविसकोट-४ | कार्यपालिका सदस्य | | |
| २१ | प्रेङका थरी | आठविसकोट-२ | कार्यपालिका सदस्य | | |
| २२ | आशिराम विश्वकर्मा | आठविसकोट-१३ | कार्यपालिका सदस्य | | |
| २३ | गोरख बहादुर कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २४ | धन्नामे दमाई | आठविसकोट-३ | कार्यपालिका सदस्य | | |
| २५ | मनकली कामी | आठविसकोट-११ | कार्यपालिका सदस्य | | |
| २६ | गणेश चन्द | चौरजहारी नपा-१४ | सूचना प्रविधि अधिकृत | | |
| २७ | जयबहादुर बुढा | आठविसकोट-२ | प्रशिक्षक | | |
| २८ | ज्ञानु आचार्य | चौरजहारी नपा-७ | प्रशासन सहायक | | |
| २९ | तस्विर परियार | आठविसकोट-१४ | कार्यालय सहयोगी | | |
| | | | | | |

| २०७५।०९।३० गतेको नगर कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु | | |
|---|---|---|
| क्र.स. | प्रस्तावको नाम | कैफियत |
| १ | अपाङ्गता भएका व्यक्तिको परिचयपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ बमोजिमको समन्वय समिति गठन गर्ने सम्बन्धी प्रस्ताव | |
| २ | व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धी प्रस्ताव (मस्यौदा) | |
| ३ | वहाल कर सम्बन्धी कार्यविधि, २०७५ सम्बन्धी प्रस्ताव(मस्यौदा) | |
| ४ | खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधि, २०७५ सम्बन्धी प्रस्ताव (मस्यौदा) | |
| ५ | स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७५ सम्बन्धी प्रस्ताव (मस्यौदा) | |
| ६ | आर्थिक वर्ष २०७५।०७६ को वडास्तरिय एवम् नगरस्तरिय वार्षिक कार्यक्रमको अन्तिम स्वीकृति सम्बन्धी प्रस्ताव | |
| ७ | कर्मचारी समायोजन ऐन, २०७५ जारी भई समायोजनको प्रक्रिया सुरु भईसकेको सन्दर्भमा आठविसकोट नगरपालिकाको संगठन संरचना र दरवन्दी विवरण अनुसारमात्र करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने एवम् दरवन्दीभन्दा बढि करार कर्मचारीको करार अवधि थप र रद्द गर्ने सम्बन्धमा मापदण्ड निर्धारण गर्ने सम्बन्धी प्रस्ताव | |
| ८ | गाउँघर क्लिनिकहरुको संख्या र स्थान पुनरावलोकन गर्ने सम्बन्धी प्रस्ताव | |
| ९ | आठविसकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम २४ बमोजिमको गठित शिक्षा समितिका पदाधिकारीहरु हेरफेर गर्ने सम्बन्धी प्रस्ताव | |
| १० | आर्थिक वर्ष २०७५।०७६ को पौष मसान्तसम्मको खर्च सार्वजनिक गर्ने सम्बन्धी प्रस्ताव | |
| ११ | आठविसकोट नगर अस्पतालमा चिकित्सक भर्ना सम्बन्धी प्रस्ताव | |
| १२ | विविध | |

# निर्णयहरु

निर्णय नं. १ : अपांगता भएका व्यक्तिको परिचयपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ६ बमोजिमको समन्वय समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो

(क) नगर उपप्रमख श्रीमति गीता नेपाली- संयोजक

(ख) श्रीमति प्रभा मल्ल वि.क. - सदस्य

(ग) श्री उध्वगजंग चन्द -सदस्य

(घ) श्री मनिराज शाह -सदस्य

(ड.) श्री इलाका प्रहरी कार्यालय प्रमुख -सदस्य

(च) श्री राजवीर चन्द -सदस्य

(छ) श्री चन्द्रबहादुर नेपाली वडा नं. ११ - सदस्य

(ज) श्री अर्जुन यरी वडा नं. २ - सदस्य

(झ) श्री विना परियार नं. ३ – सदस्य

(ञ) महिला बालबालिका तथा समाजकल्यान उपशाखा संयोजक – सदस्य सचिव

निर्णय नं. २ : व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७५ सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ३ : वहालकर सम्बन्धी कार्यविधि, २०७५ सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ४ : खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि, २०७५ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ५ : स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नवीकरण सम्बन्धी निर्देशीका, २०७५ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ६ : आर्थिक वर्ष २०७५।०७६ को वडास्तरिय एवम् नगरस्तरिय वार्षिक कार्यक्रम अन्तिम स्वीकृति सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ७ : वहालकर सम्बन्धी कार्यविधि, २०७५ सर्वसहमतिबाट पारित गरियो ।

निर्णय नं. ८ : गम्भीर प्रकृतिका बिरामीहरुलाई आवश्यक कागजातहरु पेश भएको खण्डमा आर्थिक सहायता देहाय बमोजिम दिने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | रोगको प्रकृति | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शुशिला मल्लको जेठो छोरा | वडा नं. १४ | मृगौला पिडित | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| २ | विकास वि.क. | वडा नं. ५ | खुट्टामा गम्भीर किसीमको घाउ | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| ३ | मैसरी टमटा | वडा नं. ४ | ढाँड भाचिएको | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | लक्ष्मी बटाला | वडा नं. ११ | ढाँड भाँचिएको | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| ५ | बिर्ख बहादुर कामी | वडा नं. ११ | ढाँड भाँचिएको | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| ६ | परवीर कामी | वडा नं. १ | मानसिक रोगी | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| ७ | जयबहादुर शाही | वडा नं. ४ | क्यान्सर | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| ८ | दिपक नेपाली | वडा नं. ११ | हिउँले खुट्टा खाएको | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| ९ | शेरबहादुर खत्री | वडा नं. ११ | टाउकोमा गम्भीर चोट | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| १० | चन्द्रबहादुर वि.क. | वडा नं. ५ | मानसीक रोगी | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |
| ११ | चक्रे पुन | वडा नं. १३ | हिउँले खुट्टा खाएको | रु ३५,०००।०० | आवश्यक कागजात पेश भएमा मात्र |

निर्णय नं. ९ : सानोभेरी गाउँपालिका, रुकुम(पश्चिम) स्थायी ठेगाना भएका श्री कृष्ण ओलीको करेन्ट लागेर हात खुट्टा दुवै गुमेको र कृत्रिम हातखुट्टा तथा थप उपचारको लागि आर्थिक सहायता जरुरी भएकोले तत्काल नगरपालिकाको तर्फबाट दुई लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो । साथै नगर कार्यपालिका सदस्यहरुबाट जनही एक/एक हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० : कर्मचारी समायोजन ऐन, २०७५ जारी भई समायोजनको प्रक्रिया सुरु भईसकेको सन्दर्भमा आठविसकोट नगरपालिकाको संगठन संरचना र दरवन्दी विवरण अनुसारमात्र करारमा कार्यरत कर्मचारीहरुको म्याद थप गर्ने एवम् दरवन्दीभन्दा बढि करार कर्मचारीको करार अवधि थप र रद्द गर्ने सम्बन्धमा मापदण्ड निर्धारण गर्ने सम्बन्धी प्रस्तावको सम्बन्धमा छलफल गर्दा स्थानीय ठेगाना, सिनियर/जुनियर, वैकल्पिक र नगर कार्यपालिकाको निर्णय बमोजिम छनौट भएको लगायतका मापदण्डहरुको आधारमा देहायका करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि थप नगर्ने निर्णय गरियो ।

प्रशासन सहायक श्री रतिभान वि.क.

प्रशासन सहायक श्री खेमराज के.सी.

प्रशासन सहायक श्री तस्विर मल्ल

प्रशासन सहायक श्री ज्ञानु आचार्य

नगर प्रहरी श्री गोविन्द प्रकाश खड्का

नगर प्रहरी श्री सीता जैसी

नगर प्रहरी श्री दिपा खनाल

नगर प्रहरी श्री रमेशकुमार शाही

नगर प्रहरी श्री खड्कबहादुर के.सी.

निर्णय नं. ११ : गाउँघर क्लिनिकहरुको संख्या र स्थान यस आर्थिक वर्षमा हेरफेर नगर्ने निर्णय गरियो । साथै कार्य सम्पादनस्तर राम्रो नभएका गाउँघर क्लिनिकमा कार्यरत कर्मचारीहरुको करार अवधि थप नगर्ने निर्णय गरियो ।

निर्णय नं. १२ : आठविसकोट नगरपालिका शिक्षा नियमावली, २०७४ को नियम २४ बमोजिमको गठित शिक्षा समितिका पदाधिकारीहरु हेरफेर गर्ने सम्बन्धी प्रस्तावको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) ९ नं. वडा अध्यक्ष श्री तारकबहादुर शाहीको सट्टा २ नं. वडा अध्यक्ष श्री देवबहादुर यरीलाई नियुक्त गर्ने ।

निर्णय नं. १३ : आठविसकोट नगरपालिका न्यायिक समितिमा रहेका सदस्यहरु देहाय बमोजिम हेरफेर गरियो :-

(क) नगर कार्यपालिका सदस्य श्री सीता शाहीको सट्टा १० नं. वडा अध्यक्ष श्री गंगाराम चनारालाई नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : आर्थिक वर्ष २०७५।०७६ को पौष मसान्तसम्मको देहाय बमोजिमको खर्च सार्वजनिकरण गरियो ।

कूल खर्च रु ११ करोड २९ लाख २९ हजार ३ सय ८

चालू खर्च रु ७ करोड २८ लाख ९६ हजार ९ सय ६६ पैसा ५०

पुँजीगत खर्च रु ४ करोड ३२ हजार ३ सय ४१

भौतिक प्रगति २६ प्रतिशत

वित्तीय प्रगति ३० दशमलब ६५

निर्णय नं. १५ : आठविसकोट नगर अस्पतालमा चिकित्सक भर्ना सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) आठविसकोट नगरपालिकामा २५ शैयाको अस्पताल सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको जनशक्ति सम्बन्धी मापदण्ड अनुसार तत्काल एक जना चिकित्सक भर्ना गर्न कार्य शर्तगत विवरण बनाई प्रचलित कानून अनुसार भर्ना गर्ने ।

(ख) तलब तथा अन्य सेवा सुविधा प्रचलित कानून बमोजिम उपलब्ध गराउने ।

(ग) नगरपालिकाले चिकित्सक भर्नाको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने ।

निर्णय नं. १६ : नगरपालिकाको विद्यमान उर्जाको आवश्यकता एवम् नगरपालिकाभित्र स्थापना हुने उद्योग कलकारखानाहरुको विद्युत माग समेतलाई विश्लेषण गर्दा तत्काल १ मेगावाट विद्युत उत्पादन गर्नुपर्ने सन्दर्भमा डिजाइन, सर्भे र इष्टिमेट सहितको विस्तृत परियोजना प्रतिवेदन तयार भईरहेको १ मेगावाट क्षमताको जंघारखोला जलविद्युत आयोजना कार्यान्वयनको लागि बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं १७ : नगरपालिकामा स्तरिय बालगृह स्थापना र व्यवस्थापन गरी नगरपालिकाभित्रका अनाथ, अशक्त, टुहुरा र विपन्न बालबालिकाहरुको लालनपालन तथा शिक्षादिक्षाको लागि नगरपालिकाले बालगृह संचालन तथा व्यवस्थापन शीर्षकमा विनियोजन बजेट कार्यान्वयन गर्ने र सोको लागि आवश्यक मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : बाढीपहिरो जस्ता विपदको कारण घर पूर्णरुपमा क्षति भएका घरपरिवार बाहेक अन्यलाई राहत उपलब्ध नगराउने निर्णय गरियो ।